# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/५/२६ गते शुक्रवार देखि २०६६/६/१ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४७७८ कारोबारबाट ४३ करोड ८१ लाख १३ हजार रुपैयाँ बराबरका १५ लाख २ हजार ५ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ९.४६ प्रतिशतले ह्रास भएको हो । गत साता ५६११ शेयर कारोबारबाट ४८ करोड ३८ लाख ९५ हजार रुपैयाँ बराबरका ७ लाख ८९ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र २१ करोड ३६ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४८.७५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १०.६३ अंकले वृद्धि भई अन्तिम दिन ६२७.९७ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६०६.८८ | ४३८.३५ | ३६६.८५ | ६५३.२४ | ८३५.०१ | २७१.३२ | ६२८.६८ | ६३७.१८ | ६६५.४१ | ६१७.३४ | १५७.६८ | ५८.५९ |
| दोस्रो | ६२५.२९ | ४३८.३५ | ३६६.८५ | ६६१.४६ | ८४३.१८ | २७१.३२ | ६२७.५८ | ६३८.७१ | ६४८.१० | ६२८.४४ | १६०.९३ | ५९.७७ |
| तेस्रो | ६२८.६२ | ४३८.३५ | ३६६.८५ | ६५७.९४ | ८४३.९२ | २७१.३२ | ६२९.७७ | ६३५.२३ | ६५६.४४ | ६२९.८८ | १६१.३९ | ५९.९३ |
| चौथो | ६२७.२९ | ४३८.३५ | ३६६.८५ | ६५७.९४ | ८३३.२५ | २७१.३२ | ६११.४९ | ६३७.५३ | ६५१.३५ | ६२८.३४ | १६०.७९ | ५९.७४ |
| पाँचौं | ६२६.५६ | ४३८.३५ | ३६६.८५ | ६५७.९४ | ८३३.२५ | २६६.२७ | ६०९.६५ | ६३५.४६ | ६५६.६२ | ६२७.९७ | १६०.५२ | ५९.७० |
| परिवर्तन | १९.५६ | ०.०० | ०.०० | ४.७० | -१.७६ | -५.०५ | -१९.०३ | -१.७२ | -८.७९ | -८.७९ | २.८४ | १.११ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.८४ अंकले वृद्धि भई १६०.५२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (७ करोड ५० लाख रुपैयाँ) तथा शेयर संख्या (८ लाख ४२ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (४३९ वटा) को आधारमा पशुपति डेभलपमेन्ट बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेशनल हाइड्रो पावर कम्पनी | ७५.०४ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ५३.३६ |
| ३ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक | ३७.४१ |
| ४ | बैंक अफ काठमाण्डू | २५.९५ |
| ५ | नबिल बैंक | २२.३२ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | एनएमबि बैंक | हकप्रद | ३२४६४१३ कित्ता |
| २ | ओम फाइनान्स | वोनस | २१०००० कित्ता |